**मिति २०७०।२।२१ मा मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिका निर्णयहरू—**

१. मं.प.आ.पू.स. २।०७० मिति २०७०।२।१ को मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकले "द द्वारिकाज हिमालयन सांग्रिला भिलेज रिसोर्ट प्रा.लि., धुलिखेललाई हदबन्दी भन्दा बढी जग्गा खरिद गर्न स्वीकृति दिने विषयमा" गरेको निर्णयको खण्ड (ग) पछि देहायको खण्ड (घ) राख्ने-

(घ) अन्य विषयमा प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. "मनकामना दर्शन प्रा.लि. लाई केवलकार संचालनार्थ वन क्षेत्र उपलव्ध गराउन" स्वीकृति दिने।

३. "राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा" स्वीकृत गर्ने ।

**मिति २०७०।२।२६ मा मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समिति र विधेयक समितिका संयुक्त बैठकका निर्णयहरू—**

१. नुवाकोट जिल्ला किम्ताङ गाउँ विकास समितिका पहिरो पिडित परिवारको लागि सट्टाभर्ना जग्गा दर्ता तथा विदुर नगरपालिका अन्तरगत व्यक्तिले भोग गरी आएको जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७० स्वीकृत गर्ने विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं. ९।३-०७०।२।९ को प्रस्ताव मं.प.वै.सं. ७-०७० मिति २०७०।२।९ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समिति र विधेयक समितिको संयुक्त बैठकमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएकोमा आजको बैठकमा छलफल हुँदा देहायबमोजिमको उपसमिति गठन गरी निम्नानुसारको कार्यदिश दिने निर्णय भयो—

| | | |
|---|---|---|
| सहसचिव | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | संयोजक |
| सहसचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| सहसचिव | गृह मन्त्रालय | सदस्य |
| सहसचिव | कानुन, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| सहसचिव | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (नगरपालिका हेर्ने) | सदस्य |
| सहसचिव(प्रा.) | जल उत्पन्न तथा प्रकोप नियन्त्रण विभाग | सदस्य |
| सहसचिव (प्रा.) | भू तथा जलाधार संरक्षण विभाग | सदस्य |
| सहसचिव (प्रा.) | खानी तथा भू-गर्भ विभाग | सदस्य |
| महानिर्देशक | भूमिसुधार तथा व्यवस्थापन विभाग | सदस्य |
| महानिर्देशक | नापी विभाग | सदस्य |

उपसमितिको कार्यदिश (TOR)

१. उक्त ठाउँको पहिरोको जोखिम विश्लेषण गर्ने ।

२. पहिरोको क्षतिबाट प्रभावित हुने परिवारको लगत विवरण संकलन गर्ने ।

३. पहिरोबाट प्रभावित घर परिवारलाई वैकल्पिक बसोबासको लागि स्थान पहिचान गर्ने ।

४. यस सम्बन्धमा उपसमितिले उपयुक्त देखेका अन्य आवश्यक कुराहरू अध्ययन गरी प्रतिवेदन दिने ।

५. उपसमितिले उक्त कार्यहरु १५ दिन भित्र सम्पन्न गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

**मिति २०७०।३।१९ मा मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिका निर्णयहरू—**

१. माओवादी सेनाका लडाकुहरूले प्रयोग गरी खाली गरिएका शिविरहरू उपयुक्त निकायलाई प्रयोग गर्न दिन सिफारिससहितको प्रतिवेदन पेश गर्न गठित कार्यदलले पेश गरेको प्रतिवेदन स्वीकृत गरी कार्यान्वय गर्ने विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।२१-०७०।३।४ को प्रस्ताव मं.प.बै.सं. १३-०७०।३।७ मिति २०७०।३।७ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएबमोजिम उक्त कार्यदलले सुझाव र सिफारिश खण्डमा सिफारिस गरेका बुँदाहरू मध्ये देहायका विषयमा निम्नानुसार गर्ने र अन्यमा सिफारिस भएबमोजिम स्वीकृत गर्ने—

(क) औद्योगिक विकासका लागि केही क्षेत्र आवश्यक पर्ने देखिएकोले "माओवादी सेनाका लडाकुहरूले प्रयोग गरी खाली रहेका (क्यान्टोन्मेन्ट) को जग्गा उपभोग गर्ने भोगाधिकार दिने प्रस्तावित विवरण" को क्र.सं. ५ सहायक शिविर, जर्गाहा, रामनगर नवलपरासी; क्र.सं. ९ सहायक शिविर तालवन, कैलाली; क्र.सं. २४ को सहायक शिविर संग्राम विजौरी दाङ्ग; र क्र.सं. २७ को सहायक शिविर कल्याण खाल्टेपानी, सुर्खेतमा रहेको जग्गा र संरचना विशेष आर्थिक क्षेत्रको लागि छुट्याउनु पर्ने ।

(ख) प्रतिवेदनको खण्ड ३. निष्कर्ष र सुझावको बुँदा नं. १० को उपबुँदा ५ मा उल्लेख भएको "सहायक शिविर तिला गैरीगाउँ, रोल्पा र सहायक शिविर संग्राम विजौरी, दाङको क्रमशः १५ रोपनी र ३ विगाहा व्यक्तिको जग्गा नेपाल सरकारको चलन चल्तीको मूल्यमा खरिद गर्ने प्रस्ताव भएकोमा" सो खरिद कार्य नगर्ने र व्यक्तिको जग्गा व्यक्तिलाइ नै फिर्ता गर्ने ।

(ग) कार्यदलले भोगाधिकार दिने गरी सिफारिस गरेबमोजिम भोगाधिकार दिने कार्यका लागि जग्गाको क्षेत्रफल, सीमानाका सम्बन्धमा स्थलगत भ्रमण गरी सिमाङ्कन र क्षेत्राङ्कनका लागि कार्यसम्पन्न गर्ने गरी गृह मन्त्रालयका सहसचिव (स्थानीय प्रशासन हेर्ने) को संयोजकत्वमा वन तथा भू-संरक्षण मन्त्रालयका सहसचिव (प्राविधिक) र भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सहसचिव (नापी हेर्ने) सदस्य रहने गरी सिमाङ्कन र क्षेत्राङ्कन समिति गठन गर्ने । सो समितिले कार्यदलले प्रतिवेदनमा सिफारिस गरेको क्षेत्रहरूको आवश्यकता, औचित्य र पुष्ट्याइ समेत हुने गरी कार्यसम्पन्न गर्ने र सोको प्रतिवेदन पेश गर्ने ।

(घ) कार्यदलले सिफारिस गरेबमोजिम प्रकरण (ग) मा उल्लिखित समितिले सिमाङ्कन र क्षेत्राङ्कन गरी बाँकी रहेका जग्गाहरू जुनजुन निकायहरूबाट प्राप्त भएको हो सो जग्गाहरू उक्त निकायहरूलाई नै फिर्ता गर्ने ।

(ङ) प्रकरण (ग) मा उल्लिखित समितिले कार्यसम्पन्न गरी सम्बन्धित संस्था र निकायहरूलाई फिर्ता नबुझाएसम्म हाल जुनजुन सुरक्षा निकायहरूबाट सुरक्षा प्रदान गरी आइरहेको हो सोलाई नै निरन्तरता कायम गर्ने ।

२. "बाली तथा पशुधन वीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७०" स्वीकृत गर्ने ।

३. रोडा, ढुङ्गा, गिट्टी तथा बालुवाको नियमन सम्बन्धी प्रतिवेदन कार्यान्वयन गर्ने विषयको विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको नं. १६।२८-०६९।१२।२१ को प्रस्ताव मं.प.बै.सं. १।०७० मिति २०७०।१।५ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएअनुसार मिति २०७०।२।१ को बैठकमा छलफल हुँदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा उद्योग; कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला; वन तथा भू-

संरक्षण; विज्ञान, प्रविधि तथा वातावरण र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवहरू रहेको उपसमितिले छलफलका क्रममा उठेका विषय समेत समावेश गरी सात दिनभित्र कार्ययोजनासहितको परिमार्जित प्रतिवेदन पेश गर्ने। निर्णय भएकोमा उल्लिखित उपसमितिले पेश गरेको प्रतिवेदन मिति २०७०।२।२१ को बैठकमा छलफल हुँदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयका सचिव संयोजकत्वमा अर्थ; उद्योग; गृह; वन तथा भू-संरक्षण; विज्ञान, प्रविधि तथा वातावरण र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवहरूले २०७० साल जेठ २४ गतेसम्ममा पुनः परिमार्जन गरी प्रतिवेदन पेश गर्ने । निर्णय भएबमोजिम उक्त उपसमितिले पेश गरेको प्रतिवेदन उपर देहायका बुँदा थप घट गरी मन्त्रिपरिषद् समक्ष पेश गर्ने —

(क) बुँदा नं. २. को २०७० चैत्रको सट्टा २०७१ असार मसान्त सम्म स्थानान्तरण गरि सक्नु पर्ने ।

(ख) बुँदा नं २. (घ) मा रहेको "नदी तथा खोला" भन्ने शव्द हटाउने ।

(ग) बुँदा नं ५ (क) पछि निम्न (ख) थप गर्ने र बाँकी रहेको उप बुँदा (ख) देखि क्रमशः मिलाउने ।

प्राकृतिक स्रोत र साधनको संकलन, उत्खनन्र वा दोहन अनियन्त्रित रूपमा नहोस भन्नका लागि प्रत्येक जिल्लाले आफ्नो जिल्ला भित्र रहेका प्राकृतिक स्रोत र साधनको आँकलन गरी कुन क्षेत्रबाट कति हदसम्म संकलन, दोहन वा उत्खनन्र गर्न सकिन्छ सो विवरण सार्वजनिक रूपमा प्रकाशन गरी त्यसैको आधारमा IEE/EIA गरेपछि मात्र ठेक्का बन्दबस्त लगाउने व्यवस्था मिलाउने ।

(घ) बुँदा नं. ९ को "निकुञ्ज र आरक्षणका मध्यवर्ति क्षेत्र तथा" भन्ने शव्द झिक्ने ।

(ङ) बुँदा नं. १५ क. मा रहेको "आदि" भन्ने शव्द झिक्ने ।

**मिति २०७०।४।२ मा मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिका निर्णयहरू—**

१. "गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) को ५ वर्षे रणनीतिक योजना (आ.व.२०७०/७१-२०७४/७५)" स्वीकृत गर्ने दिन सिफारिससहितको प्रतिवेदन पेश गर्न गठित कार्यदलले पेश गरेको प्रतिवेदन स्वीकृत गरी ।
२. "सिँचाइ नीति, २०७०" स्वीकृत गर्ने ।
३. भूमिगत जलस्रोत विकास समिति, शाखा कार्यालय, दांगको विस्फोटमा परी नष्ट भएको कारणबाट श्रेस्ता पेश नभई कायम भएको बेरूजु मिन्हा गर्ने

**मिति २०७०।४।७ मा मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समिति र विधेयक समितिका संयुक्त बैठकका निर्णयहरू—**

१. नुवाकोट जिल्ला किम्ताङ गाउँ विकास समितिका पहिरो पिडित परिवारको लागि सट्टाभर्ना जग्गा दर्ता तथा विदुर नगरपालिका अन्तरगत व्यक्तिले भोग गरी आएको जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७० स्वीकृत गर्ने विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं. ९।३-०७०।२।९ को प्रस्ताव मं.प.वै.सं. ७-०७० मिति २०७०।२।९ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समिति र विधेयक समितिको संयुक्त बैठकमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएकोमा मिति २०७०।२।२६ को बैठकमा उपसमिति गठन भएको र उक्त उपसमितिले पेश गरेको प्रतिवेदनउपर आजको बैठकमा

छलफल हुँदा उक्त प्रस्ताव फिर्ता गर्ने र गृह मन्त्रालय, केन्द्रीय दैवीप्रकोप उद्धार समितिमा आवश्यक कारवाहीका लागि पठाउने ।

**मिति २०७०।४।९ मा मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिका निर्णयहरू—**

१. बागमती अञ्चलमा दर्ता रहेका २० वर्ष पुराना भाडाका सवारी साधन व्यवस्थापन गर्ने विषयको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको नं. १०।८-०७०।४।३ को प्रस्ताव मं.प.बै.सं. २१-०७० मिति २०७०।४।६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने।" निर्णय भएअनुसार उक्त विषय आजको बैठकमा छलफल हुँदा यस सम्बन्धमा वर्तमान नीतिबाट प्रभावित हुने सवारी साधनको विवरण अद्यावधिक गर्ने लगायतको थप गृहकार्य गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्ने ।

**मिति २०७०।४।१६ मा मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिका निर्णयहरू—**

१. "एल.पि.ग्याँसको रातो र नीलो रङको सिलिण्डरको प्रयोग र वितरणसम्बन्धी (पहिलो संशोधन) आदेश, २०७०" स्वीकृत गर्ने ।

**मिति २०७०।५।२६ मा मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिका निर्णयहरू—**

१. राजश्व छुट तथा सहुलियत दिने ।

२. "Memorandum of Understanding on Cooperation in the Railways Sector between the Minister of Land, Infrastructure and Transport of the Republic of Korea and the Ministry of Physical Infrastructure and Transport of the Government of Nepal" स्वीकृति गर्ने ।

३. बागलुङ नगर खानेपानी आयोजना संचालनका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने ।

४. वि.टि.एस. टावर निर्माण गरी एन्टेना जडान गर्नको लागि वन क्षेत्र को जग्गा प्रयोग गर्न दिने ।

**मिति २०७०।६।०१ मा मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिका निर्णयहरू—**

१. "विपद् पीडित परिवारहरूको लागि राहत, उद्धार, पुनःस्थापना तथा पुनःनिर्माण कार्यक्रम" स्वीकृत गर्ने।

**मिति २०७०।६।१६ मा मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिका निर्णयहरू—**

१. "पत्रकार दुर्घटना बीमा (व्यवस्थापन) निर्देशिका, २०७०" स्वीकृत गर्ने ।

द्रष्टव्य — निर्णयसँग सम्बन्धित अन्य थप विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ।